बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुधबारे, झापा

कोशी प्रदेश, नेपाल
☎ ०२३-५५५०४४

प.सं. ०८३/८४
च.नं

मिति: २०८३।०४।२०

सहकारी संस्था सूचिकृत हुन आउने सम्बन्धी जरुरी सूचना ।

प्रदेश सरकार र संघीय सरकारको नियमन क्षेत्राधिकार भित्र रहि बुद्धशान्ति गाउँपालिका क्षेत्रभित्र मुख्य कार्यालय वा सेवा केन्द्र भएका सहकारी संस्थाहरुले तपसिल बमोजिमका कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बुद्धशान्ति गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सहकारी उपशाखामा सूचिकृत गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस गाउँपालिकामा सूचिकृत संस्थाहरुको सूचि सर्वसाधारणको जानकारीको लागी सार्वजनिक गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

सूचिकृत नभई सञ्चालनमा रहेका त्यस्ता सेवा केन्द्रहरु कुनै पनि माध्यमबाट जानकारी हुन आएमा कानून बमोजिम आवश्यक कारवाही प्रक्रिया अघि बढाइने समेत जानकारीका लागि अनुरोध छ ।

आवश्यक काजगातहरु:

१. संस्था दर्ता प्रमाण-पत्र प्रतिलिपि,
२. कार्यक्षेत्र र सेवा क्षेत्र उल्लेख भएको विनियमको पानाको प्रमाणित प्रतिलिपि,
३. संचालक समिति, व्यवस्थापक/ सेवाकेन्द्र प्रमुखको सम्पर्क नं, नागरिकताको प्रतिलिपि सहित तिन पुस्ते विवरण,
४. आ.व २०८१।८२ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,
५. आ.व २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन, साधारण सभा निर्णयको प्रमाणित प्रतिलिपि,
६. आ.व २०८१।८२ को घर बहाल सम्झौता र घर बहाल कर तिरेको रसिदको प्रतिलिपि,
७. कार्यालय सञ्चालन भईरहेको व्यहोरा खुल्ने गरी सम्बन्धीत वडा कार्यालयको सिफारिस
८. सेवा केन्द्रको हकमा सेवा केन्द्र संचालनको स्विकृति दिने निकायको स्विकृति पत्रको प्रमाणित प्रतिलिपि,
९. सहकारी संस्थाको सम्पर्क नं. र इमेल ठेगाना ।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

CamScanner